गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।
- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।
- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

Kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ वैशाख ११ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 24 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २३५

## महिलाको संवैधानिक अधिकारमाथि कुठाराघात, महिलाहरूद्वारा विरोध

प्रस, वीरगंज, १० वैशाख/

वीरगंजमा महिलाहरूले स्थानीय निर्वाचनमा दलहरूले गठबन्धन गरेर आफ्नो संवैधानिक अधिकारमाथि कुठाराघात गरेको भन्दै विरोध प्रदर्शन गरेका छन् ।

सत्तापक्ष नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले गठबन्धन गरेको तथा हाल आएर एमाले, लोसपा र राप्रपा नेपालसमेतले गठबन्धन गरेका कारण महिलाहरूको उम्मेदवार हुने अवसर गुमेको उनीहरूको आरोप थियो ।

सबै दलसँग आबद्ध महिलाहरूले घण्टाघरबाट र्‍याली निकालेर माईस्थान परिक्रमा गरी पुनः घण्टाघरमा पुगेर कोणसभा गरेका थिए ।

कोणसभामा नेपाली काङ्ग्रेसकी नेत्री वर्तमान उपप्रमुख शान्ति कार्की, उपप्रमुखका दाबेदारहरू डा सुषमा तिवारी द्विवेदी, किरण सरकार, रम्भा मिश्र, मुन्नी श्रीवास्तव, गुड्डी जोशी, प्रभा श्रेष्ठलगायतले दलहरूबीच भएको गठबन्धनका कारण महिलाहरूको अधिकार कुण्ठित भएको बताए ।

उनीहरूले एक दलले प्रमुख र उपप्रमुख पदमा उम्मेदवारी दिंदा कुनै एक पदमा महिलाको उम्मेदवारी संविधानले अनिवार्य व्यवस्था गरेपनि दलहरूको गठबन्धनले एक दलबाट प्रमुख र अर्को दलबाट उपप्रमुखको उम्मेदवारी दिंदा महिलाहरू संवैधानिक अधिकारबाट वञ्चित भएको जिकिर गरे ।

महिला अधिकारविरुद्धका यस्ता गतिविधिको विरोधमा निरन्तर सङ्घर्षरत रहने उनीहरूले बताए ।


आफ्नो अधिकारका लागि वीरगंजमा प्रदर्शन गर्दै महिलाहरू । तस्वीरः प्रतीक

## बुहारीमाथि तेजाब प्रहार गर्ने जेठाजु र ससुरा जेल चलान

प्रस, वीरगंज, १० वैशाख/

बुहारीलाई तेजाब प्रहार गरी घाइते पारेको कसूरमा बारा जिल्लामा ससुरा र जेठाजु जेल चलान भएका छन् ।

गत चैत ११ गते वीरगंज महानगर–१३ श्रीपुर घर भई हाल कलैया निवासी सीता (कविता) पटेलमाथि ससुरा जवाहिर साह र जेठाजु रामबाबू साहले तेजाब प्रहार गरेको आरोप थियो ।

बारा प्रहरीले घटनाकै दिन आरोपित दुवैजनालाई पक्राउ गरेको र शुक्रवार वैशाख ९ गते बारा जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जेल चलान गरेको बारा प्रहरीका प्रवक्ता राजेश थापाले बताए। अदालतको आदेशपछि दुवैजनालाई हिजै बन्दी सुधारगृह (वीरगंज कारागार) चलान गरिएको उनले बताए। तेजाब प्रहारको कारण भने प्रहरीले खुलाएको छैन ।

## नारायणी प्लास्टिक उद्योगका सञ्चालक अग्रवाल पक्राउ

प्रस, वीरगंज, १० वैशाख/

नारायणी प्लास्टिक उद्योग, कलैयाका सञ्चालक निरञ्जन अग्रवाललाई बारा प्रहरीले पक्राउ गरेको छ । नापतौल कार्यालयले अनुसन्धान गरेको मुद्दामा अग्रवाललाई प्रहरी हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए ।

अनुमति नलिएर ढक तराजु प्रयोग गरेको आरोपमा गुणस्तर तथा नापतौल कार्यालय, वीरगंजले अग्रवालविरुद्ध मुद्दा दर्ता गरेको थियो ।

गुणस्तर तथा नापतौल कार्यालय, वीरगंजबाट खटेको अनुगमन टोलीले अग्रवालले सञ्चालन गरेको उद्योगमा अनुमति नलिएको ढक तराजु प्रयोग गरेको भेटेपछि अग्रवालविरुद्ध मुद्दा दर्ता गरेको थियो ।

शुक्रवार अग्रवाल अदालतमा उपस्थित भएका थिए तर मुद्दा हेर्न समय नभ्याएपछि अदालतले प्रहरी हिरासतमा राख्न आदेश दिएको बारा प्रहरीका प्रवक्ता प्रनाउ राजेश थापाले जानकारी दिए ।



मेडिकल जाँचका लागि अस्पताल पुगेका अग्रवाल प्रहरी निगरानीमा । तस्वीरः प्रतीक

## एमाले महानगरको सङ्कल्प प्रस्ताव पारित

प्रस, वीरगंज, १० वैशाख/

नेकपा एमाले वीरगंज महानगर कमिटीले नगरप्रमुखसहित ३२ वटै वडाका उम्मेदवारलाई विजयी गराउन सङ्कल्प प्रस्ताव पारित गरेको छ ।

शनिवार सम्पन्न महानगर कमिटी बैठकले अध्यक्ष राजेन्द्र यादवको संयोजकत्वमा निर्वाचन जनपरिचालन व्यवस्थापन समिति, महेश दासको संयोजकत्वमा प्रचारप्रसार समिति, बाबुराम खनालको संयोजकत्वमा बुथ व्यवस्थापन समिति, मुना दाहालको संयोजकत्वमा महिला परिचालन समिति र विनोद गिरीको संयोजकत्वमा निर्वाचन अनुगमन समिति गठन गरेको सचिव सुन्दर कुर्मीले बताए । बैठकमा वीरगंज महानगरका पदाधिकारी एवं सदस्य तथा ३२ वटै वडाका अध्यक्षहरू सहभागी थिए ।

## विकास गर्ने दललाई मत दिनुस् –सरावगी

प्रस, वीरगंज, १० वैशाख/

वीरगंज महानगरका निवर्तमान प्रमुख विजयकुमार सरावगीले चुनावमा वीरगंजको विकास गर्ने दललाई मत दिन आग्रह गरेका छन् ।


तस्वीरः प्रतीक

वीरगंज महानगर–३२ बेलवामा आयोजित कार्यक्रममा उनले वीरगंजको विकासको लागि एमालेको विकल्प नर हेको बताए ।

उनले एमालेबाहेकका दलबाट वीरगंजको विकास नहुने तर विनाश पक्कै हुने आरोप लगाए । उनले वीरगंजको विकास चाहने कि विनाश सोको निर्क्योल वीरगंजवासीले गर्नुपर्ने आग्रह गरे ।

कार्यक्रममा एमालेका केन्द्रीय सदस्य प्रभु हजरा, निर्मला देवकोटा, प्रदेश सदस्य विचारी यादव, बसरुद्दीन अन्सारी, शिव गुप्तालगायतको सहभागिता थियो ।

## वीरगंजको विकास पछाडि पर्‍यो –नेता सिंह

प्रस, वीरगंज, १० वैशाख/

वीरगंज महानगरमा गठबन्धनमार्फत जनता समाजवादी पार्टीबाट नगरप्रमुखका दाबेदार राजेशमान सिंहले वीरगंजको विकास २० वर्ष पछाडि धकेलिएको आरोप लगाएका छन् ।

वीरगंज महानगर–१ मा आयोजित कार्यक्रममा नेता सिंहले निवर्तमान नगरप्रमुखका कारण वीरगंजको विकास २० वर्ष पछाडि धकेलिएको जिकिर गरे । उनले महानगरवासीको मतको निवर्तमान नगरप्रमुखले अपमान गरेको बताए ।

जनताले विकासका लागि मतदान गरेको तर ठीक त्यसको उल्टो काम भएको दोषारोपण गरे । उनले आफूसँग विकासको गुरुयोजना रहेको दाबी पनि गरे । वीरगंजको विकासका सो गुरुयोजनामार्फत काम गर्ने उनले बताए ।


तस्वीरः प्रतीक

## निकुञ्जमा अन्तर्क्रिया कार्यक्रम

प्रस, परवानीपुर, १० वैशाख/

पर्सा राष्ट्रिय निकुञ्जले पत्रकारहरूसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ ।

पर्यटन पत्रकार सङ्घ, पर्साको सक्रियतामा निकुञ्जको मुख्यालय आधाभारमा अन्तर्क्रिया भएको हो । निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोजकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा सिद्धिबक्स गण आधाभारका सेनानी कमानसिंह गुरुङ, लेखा अधिकृत हृदयनारायण साह, सहायक संरक्षक अधिकृत सन्तोषकुमार भगत, जुलोजिकल सोसाइटी अफ लन्डन कार्यक्रमका कार्यक्रम अधिकृत प्रचण्ड महर्जनलगायतको सहभागिता थियो ।


तस्वीरः प्रतीक

कार्यक्रममा निकुञ्जयभित्र हालसम्म बाघ गणना, नीलगाई, हात्ती, जरायो, चित्तललगायत वन्यजन्तु तथा पशुपक्षीको सङ्ख्या, वासस्थान तथा पछिल्लो समयमा परेको असरलगायतका विषयमा छलफल भएको थियो ।

सन् २०१८ मा बाघ गणना हुँदा पर्सा निकुञ्जमा १८ वटा बाघ रहेकामा हालै सम्पन्न गणनाको नतीजा सार्वजनिक नभएकोले यकीनका साथ सङ्ख्या भन्न नमिले पनि अघिल्लो तथ्याङ्कभन्दा बाघको सङ्ख्या केही बढ्ने बताइएको छ। पर्यटन पत्रकार सङ्घ, पर्साको तर्फबाट पत्रकार शङ्कर आचार्यले सहजीकरण गरेका थिए।

## पोखरियामा एमालेको घोषणापत्र सार्वजनिक

प्रस, पोखरिया, १० वैशाख/

पोखरिया नगरपालिकामा एमालेले शनिवार चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

नगरप्रमुख पदका दाबेदार प्रद्युम्न चौहानले घोषणापत्र सार्वजनिक गर्दै आफू विजयी भएको खण्डमा घोषणापत्रमा उल्लेख भए अनुसार कार्य गर्ने बताए । उनले एमालेको घोषणापत्रमा पोखरियाको समग्र विकासको खाका कोरिएको दाबी पनि गरे ।

पोखरिया नपा–४ नगर कमिटीको कार्यालयमा आयोजित कार्यक्रममा उपप्रमुखकी दाबेदार रूवि ठाकुर, एमालेका स्थानीय नेताहरू भगवान कुर्मी, सन्तोष गिरी, विनोद गिरी, मनोज कुर्मी, राकेश महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम नगरअध्यक्ष विन्ध्याञ्चल ठाकुरको अध्यक्षतामा भएको थियो ।


तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**जुन उपायले मनुष्यको जीवन–निर्वाह राम्ररी भइहालोस्, त्यही गर्नु त्यो सनातन धर्म हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मुस्कान छर्दै जाऊ

मानिसको जीवनमा मुस्कानको विशेष महत्त्व छ। मुस्कानयुक्त अनुहारले अरूको मुहारमा पनि मुस्कान छप्किदिन्छ, त्यसैले सम–विषम दुवै परिस्थितिमा सदैव मुस्कुराइराख्नुपर्छ। मुस्कुराउँदा न स्वयं हामी आनन्दित हुन्छौं, अपितु यसका कारण हाम्रा सम्पर्कमा आउने अरू मानिस पनि आनन्दित हुन्छन् ।

मुस्कुराहट हाम्रोलागि जीवनदायिनी औषधितुल्य छ, त्यसैले मानिसले प्रत्येक परिस्थितिमा मुस्कुराएर आनन्द छर्ने अधिकांशत: मङ्गलमय र शुभकामनाबाट ओतप्रोत हुन्छ, जसमा आशीर्वाद एवं कल्याणमयी भावनाको कोष लुकेको हुन्छ। यतिमात्र होइन, राम्रो कामको परिणतिपछि आउने मुस्कुराहट सन्तोष प्रदान गर्ने एवं खुशीको क्षणमा खुशी छर्कने खालको हुन्छ।

यसबाहेक विभिन्न व्यक्तिका गुण, स्वभाव र अभिरुचि अनुसार तिनको मुस्कुराहटका विभिन्न अभिव्यक्ति हुन सक्छन् । आजको सङ्घर्षपूर्ण एवं

**मुस्कुराहटको अभिव्यक्तिले स्वयंलाई प्रसन्नता दिनुका साथै अनेक अनुहारमा मुस्कुराहट छरिदिन्छ र यस प्रकार मुस्कुराहटको लाभ एक क्षणमैं कैयौं मानिसलाई प्राप्त हुन्छ। सधैं मुस्काइरहने बानी यदि बनाउन सकियो भने यो हाम्रो स्वभावको एउटा अङ्ग बन्न पुग्छ, जसले हामीलाई स्वस्थ र प्रसन्न बनाइराख्छ र हाम्रो वरिपरि बस्ने मानिसलाई मुस्कुराउने प्रेरणा दिन्छ।**

प्रयत्न गर्नुपर्छ। मुस्कुराहट एउटा यौगिक क्रिया पनि हो, जसले हाम्रो अङ्ग–प्रत्यङ्ग स्वस्थ र प्रसन्न रहन्छ। यो भावव्यञ्जना, संवेदनशीलता र अनुभूतिको विषय हो। मुस्कुराइरहेको अनुहार सबैलाई राम्रो लाग्छ–जसको अभिव्यक्ति चारैतिर सकारात्मकता र प्रसन्नताको प्रसार गर्दछ। यो एक क्षणमा उत्पन्न हुन्छ, तर यसको मधुर स्मृति लामो समयसम्म हाम्रो जीवनमा रहिरहन्छ।

जीवनमा मुस्कुराहटलाई आयु वर्ग अनुसार वर्गीकृत गर्न सकिन्छ। प्रत्येक उमेरका व्यक्तिको मुस्कुराहटलाई विभिन्न प्रकारले छुट्टाछुट्टै सम्बोधनबाट अभिव्यक्त गर्न सकिन्छ । आयु वर्ग अनुसार–बाल्यकालमा केटाकेटीहरूको मुस्कानले सबैलाई आनन्दित तुल्याउँछ; किनकि यो निश्छल एवं निस्स्वार्थ भावले ओतप्रोत हुन्छ । केटाकेटी विना कुनै कारण हाँसी–मुस्कुराइरहन्छन् र आफ्नो यस मुस्कुराहटका कारण ती सबैलाई प्रसन्नता त प्रदान गर्छन् नै; साथै सबैलाई आफूतिर आकर्षित पनि गर्दछन् ।

युवावस्थामा युवाहरूको मुस्कुराहटमा सकामता एवं प्रेम–भावना हुने सम्भावना रहन्छ। तिनको मुस्कुराहट व्यङ्ग्यात्मक एवं अभिवादनीय गुणले पनि अभिपूरित हुन सक्छ। यसबाहेक सौन्दर्यको प्रशंसाको स्वीकार्यताको अभिव्यक्तिमा पनि मुस्कुराहट निहित हुन्छ भने त्यहीं वृद्धावस्थामा वृद्धजनको मुस्कुराहट तनावपूर्ण वातावरणमा मानिस एक किसिमले मुस्काउन बिर्सन जान थालेको छ । जुन परिवारमा जति बढी कार्य दबाब हुन्छ, त्यति नै त्यस परिवारको अनुहार मुस्कानविहीन हुन्छ। जब व्यक्ति उदास हुन्छ, तब निराशाले उसलाई हेर्छ, अनि उसको मुस्कुराहटले व्यक्तिसँग एउटा दूरी बनाउँछ, तर जब व्यक्ति उत्साहित हुन्छ र आशान्वित हुनुका साथै उल्लास र उमङ्गले भरिएको हुन्छ, तब उसको अभिव्यक्तिमा सबैभन्दा पहिले उसको मुहार हँसिलो देखिन्छ।

जीवनमा समस्या आएपछि मानिस गम्भीर बन्छ, अनि त्यस समस्याको समाधान फेला परेपछि ऊ मुस्कुराउन थाल्छ। जब हाम्रो मस्तिष्कमा कुनै नयाँ विचार पलाउँछ, कुनै योजना सुझ्छ, कुनै सुखद कल्पना उम्रिन थाल्छ, तब हाम्रो मुहारमा स्वत: मुस्कान आउँछ। साँच्ची भन्ने हो भने मुस्कुराहटको एउटा अभिव्यक्तिले अनुहारलाई तनावमुक्त तथा विषादमुक्त बनाइदिन्छ।

मुस्कुराहटको अभिव्यक्तिले स्वयंलाई प्रसन्नता दिनुका साथै अनेक अनुहारमा मुस्कुराहट छरिदिन्छ र यस प्रकार मुस्कुराहटको लाभ एक क्षणमैं कैयौं मानिसलाई प्राप्त हुन्छ। सधैं मुस्काइरहने बानी यदि बनाउन सकियो भने यो हाम्रो स्वभावको एउटा अङ्ग बन्न पुग्छ, जसले हामीलाई स्वस्थ र प्रसन्न बनाइराख्छ र हाम्रो वरिपरि बस्ने मानिसलाई मुस्कुराउने प्रेरणा दिन्छ।

जुन समय मनुष्य यो सोच्न थाल्छ– 'यो संसार मिथ्या छ, कुनै वस्तु स्थायी छैन, म पनि मर्नुपर्छ, जीवन एउटा स्वप्न मात्र हो ।' त्यस समय उसको आफ्नो जीवनमा कुनै रुचि रहँदैन। ऊ उदासीन हुन्छ। संसारको जिम्मेवारी उसको बोझ सबै थाहा हुन्छ। न उसलाई घरपरिवारसँग प्रेम रहन्छ, न उसलाई जातिको केही ख्याल रहन्छ। उसको देश चाहे रसातलमा नै पुगोस्, उसलाई कुनै वास्ता हुँदैन। उसलाई जतिसुकै गाली दिनुस्, पिट्नुस्, उसको लागि सबै बराबर हुन्छ। आफ्नो देश बन्धुको दु:ख उसको लागि कल्पना मात्र हुन्छ। देश हितैषिता के वस्तु हो ? यो कुरा उसको दिमागमा पस्दैन। उसको जन्मभूमिको धन चाहे जतासुकै जाओस्, उसको करोडौं भाइ भोकै मरोस्, उसलाई कुनै दु:ख हुँदैन।

स्मरण राख्नुस्, यो त्यो विष हो, जुन खाएपछि मनुष्यको मनुष्यत्व जान्छ। धैर्य, क्षमा, वीरता, साहस, सत्य आदि दैविक गुण कहिल्यै पनि प्राप्त गर्न सक्दैन, जबसम्म मनुष्य यस विषलाई आफ्नो शरीरबाट निकाल्दैन। त्यस व्यक्तिको टाउकोमा कुनै जिम्मेवारी रहँदैन। जो बोझ उठाउन डराउँछ, उसको अङ्ग–प्रत्यङ्ग कसरी बढ्न सक्छ ? ऊ अवश्य नै भीर हुनेछ, विरोधीको सामना गर्ने शक्ति रहँदैन। ऊ मिलेर काम गर्न सक्दैन। सङ्घर्षसँग घृणा हुन्छ। यस्तो दशामा यो दैविक गुण पनि उसको लागि काम लाग्दैन। ऊ मनुष्य शरीर राखेर पनि पशुवत हुन्छ। – स्वामी सत्यदेवीजी परिव्राजक

# अर्थतन्त्र : निराशाको आकाशमा आशाको घेरा

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

अर्थतन्त्रका बारेमा चौतर्फी नकारात्मक टिप्पणी र निराशा प्रकट भइराख्दा विश्व बैंकको एउटा अध्ययन प्रतिवेदनले आशा जगाउने काम गरेको छ । यो बहुपक्षीय निकायले आफ्नो अर्धवार्षिक प्रतिवेदन नेपाल डेभलपमेन्ट अपडेटमार्फत 'नेपालको अर्थतन्त्र सङ्कटमा नरहेको र सङ्कटोन्मुख पनि नभएको' बताएको छ । तर यो आशामा ढुक्क भएर बस्ने अवस्था भने होइन ।

कतिपयले नेपालको अर्थतन्त्रलाई श्रीलङ्कासँग तुलना गरिराख्दा नेपाल त्यो अवस्थामा जान नसक्ने तर्क गरिन थालिएको छ। कुल गार्हस्थ उत्पादनको तुलनामा विदेशी ऋण १११ प्रतिशत रहेको श्रीलङ्का र यस्तो कर्जा ४३ प्रतिशतको हाराहारीमा रहेको नेपालको तुलना हुन नसक्ने दाबी सुनिन्छ । यो तथ्यलाई अस्वीकार गरिहाल्नुपर्ने कारण पनि छैन, तर यसो भन्दैमा अर्थतन्त्रको पुनरुत्थानमा आँखा चिम्लिएर बस्ने हो भने देशको आर्थिक अवस्थाले श्रीलङ्काकै पदचाप पछ्याउँदैन भनेर ढुक्क हुन पनि सकिँदैन। यसो त, विकास साझेदारकै रूपमा रहेका एशियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको अध्ययनका निचोड पनि त्यति सकारात्मक छैनन् ।

बढ्दो व्यापारघाटा, विदेशी विनिमयमा चाप, घट्दो विप्रेषण, वित्तीय क्षेत्रमा देखिएको असहजताजस्ता कारण अर्थतन्त्र अप्ठेरोमा परेको तथ्य एकातिर छ । विश्व बैंकको अध्ययनले नेपालको अर्थतन्त्र आत्तिइहाल्नुपर्ने अवस्थामा नरहेको भन्ने निष्कर्षबाट अर्थतन्त्रका आयाम र सरोकारका पक्षमा केही सकारात्मक ऊर्जा थपिनु स्वाभाविकै भएपनि अहिलको अप्ठेरोलाई पार लगाउन भने सरकार सचेत हुनै पर्दछ। सरकार परम्परागत पारामैं चल्ने हो भने अर्थतन्त्र झन् अप्ठेरो अवस्थातिर उन्मुख हुन सक्छ। अध्ययनका निचोड त्यसका विधिका आधारमा फरक हुन सक्छन्। सरकारले उत्थानका निम्ति रचनात्मक रणनीति नलिने, तर नियन्त्रणका उपायमा मात्रै एकोहोरिने हो भने अर्थतन्त्र दुर्घटनामा नपर्ला पनि भन्न सकिन्न ।

अहिलेको आर्थिक असहजतालाई दुई पक्षबाट हेरिनुपर्दछ । पहिलो, विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीको असरको उत्पादन हो । कोरोना कहरले विश्व बजारमैं उत्पादन र आपूर्तिको शृङ्खला बिथोलिएको छ। यो दुई वर्षमा उत्पादन, माग र आपूर्तिबीच देखिएको असन्तुलनले प्रत्येक वस्तु र सेवाको मूल्य आकाशिएको अवस्था छ। यस्तोमा आयातमा आधारित आपूर्ति व्यवस्थामा अडिएको हाम्रोजस्तो अर्थतन्त्रमा बाह्य क्षेत्रको दबाब अस्वाभाविक होइन । अर्कातिर हामीले भुक्तानी गर्ने मुद्रा डलरको भाउ बढेको छ। विगतकै हाराहारीमा वस्तुको आयात गर्दा पनि भुक्तानी परिमाण बढी जाने भयो । यसले पनि विदेशी विनियम सञ्चितिमा स्वाभाविक धक्का लाग्यो। बाहिरबाट आउने विप्रेषणमा खासै फरक परेको छैन, जति प्रचार गरिएको छ। विश्वव्यापीरूपमा वस्तु तथा सेवाको मूल्य बढ्नु वा घट्नु त्यो हाम्रो नियन्त्रणमा छैन।

तर हामीले आन्तरिक वस्तु र सेवा उत्पादनलाई कसरी प्रतिस्पर्धी बनाउन सक्छौं । त्यसमा रणनीतिक योजना बनाउन सकिन्छ। यसबाट हाम्रो बाह्य निर्भरता कम हुन सक्छ, यो अनिवार्य भइसकेको छ । हाम्रो अर्थतन्त्र अति परनिर्भर बन्दै जानु र अप्ठेरोको सानै धक्कामा पनि धर्मराउनु यही रणनीतिक अभाव मूल कारण हो। हामीले आजसम्म उत्पादनलाई मुख्य नीति नै बनाएका छैनौं। प्रत्येक वस्तुको आपूर्तिमा परनिर्भर हुँदै गयौं। यो हाम्रो असहजताको मूल कारण हो। जबसम्म आन्तरिक उत्पादन बलियो हुँदैन, तबसम्म परआश्रित अर्थतन्त्रका जोखिमहरू घट्दैनन् । सानोतिनो अवरोधमैं हामी अत्तालिन थाल्छौं । र अन्धाधुन्ध नियन्त्रणको उपायमा उत्रिन्छौं । यसले अर्थतन्त्रका सरोकारहरूलाई थप असहज बनाइदिन्छ। अहिले भएको त्यही हो।

जति नै उत्पादन अभिवृद्धि र निकासीका कुरा गरे पनि प्रतिस्पर्धी उत्पादन कसरी तयार हुन्छ भन्नेमा न सरकार कहिल्यै गम्भीर भएको छ, निजी क्षेत्र नै यसमा आवश्यकता जति सचेत देखिएको छ। सरकार आयातबाट आउने राजस्वबाट साधारण खर्च चलाउन सहज मानिराखेको छ भने निजी क्षेत्र भन्सारमा राजस्वको छेको हालेर स्वदेशी बजारमा मूल्य अराजकता मच्चाउन उद्यत् देखिएको छ। स्वदेशी उत्पादनको संरक्षण र प्रवर्द्धनको नाममा उपभोक्तामाथि चरम शोषणको प्रपञ्ज मिलाइएको छ । सरकार र निजी क्षेत्रको यो मनोविज्ञानको उपचार नगरिएसम्म सबल अर्थतन्त्रको सपना देख्न त पाइन्छ, तर सार्थकता सम्भव छैन।

औद्योगिकीकरणको नाममा व्यापारीकरण भएको छ। जबसम्म मूल्य अभिवृद्धिमा आधारित उद्यम प्रोत्साहनको नीति लिइँदैन, तबसम्म साँचो अर्थमा औद्योगिकीकरण हुन सक्दैन। बजारको अध्ययन अनुसन्धान नगरी देखासिकीमा लगानी खन्याउने अनि बजारमा टिक्न नसकेपछि संरक्षणका लागि उपभोक्तामाथि महँगीको भारी बोकाउने गलत अभ्यासको अन्त्य नभएसम्म अर्थतन्त्र कमजोर रहन्छ । आर्थिक उदारीकरण अपनाएको तीन दशक बितिसक्दा पनि उत्पादनमा सन्तोषजनक काम हुन नसक्नुको पछाडि यही बदनियत समस्याको रूपमा रहेको छ । एकाध आत्मनिर्भर भनिएका उत्पादन पनि आफैंमा आत्मनिर्भर छैनन्। संरक्षणको नाममा भन्सार दरमा चलखेलबाट जोगिएको अस्तित्वलाई आत्मनिर्भर भन्न सकिँदैन।

आजको निकासी व्यापार उत्पादन मूल्य र गुणस्तर होइन, लक्षित देशमा त्यस्ता वस्तुको राजस्व दरको उतारचढावमा आधारित किन छ ? आत्मनिर्भर भनिएका वस्तुहरू स्वदेशी बजारमा अस्वस्थ प्रतिस्पर्धा गरिराख्दा त्यस्ता उत्पादन बाह्य बजारमा किन जान सकिराखेका छैनन् ? हामीकहाँ उत्पादनलाई बढावा दिने नाममा भन्सार दरमा चलखेलबाहेक अन्य रचनात्मक काम हुनै सकेको छैन। संरक्षण र प्रवर्द्धन प्रविधि, पूँजी, ऊर्जा, श्रमजस्ता उत्पादनका आधारभूत पक्षमा खोजिनुपर्दछ। आज स्वदेशमा उत्पादन गरिएको वस्तुभन्दा मूल्य र गुणस्तरमा आयातित वस्तु अगाडि छन्। जे जस्तो भएपनि स्वदेशी वस्तु नै उपभोग गरौं भन्ने खालको भावनात्मक कुराले धेरै दिन चल्दैन, बजार त प्रतिस्पर्धी गुणले तय गर्ने हो । हामीले अहिलेसम्म उत्पादनलाई सही ढङ्गले परिचालन गर्न नसक्दा प्रतिस्पर्धामा अगाडि बढ्न सकेनौं। परिणाम, आपूर्तिमा बढ्दो परनिर्भरताले हामीलाई ससानै धक्का पनि थेग्न नसक्ने बनाइदियो । अहिले सतहमा देखिएको सङ्कट यसैको उपज हो भन्नेमा द्विविधा आवश्यक छैन।

**जे जस्तो भएपनि स्वदेशी वस्तु नै उपभोग गरौं भन्ने खालको भावनात्मक कुराले धेरै दिन चल्दैन, बजार त प्रतिस्पर्धी गुणले तय गर्ने हो। हामीले अहिलेसम्म उत्पादनलाई सही ढङ्गले परिचालन गर्न नसक्दा प्रतिस्पर्धामा अगाडि बढ्न सकेनौं।**

सरकार अहिले आगामी आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेटको तयारीमैं रहेकोले पनि अहिलेको आर्थिक परिदृश्यलाई सम्बोधन गर्नेगरी बजेट ल्याउनु अनिवार्य छ । आगामी वर्ष चुनावको वर्ष भएकोले सरकारले चुनावी खर्च व्यवस्थापनलाई पनि हेर्नुपर्ने हुन्छ। कोरोना महामारी अहिले मत्थर भएपनि छिमेकी देशमा पुन: सङ्क्रमण बढेका समाचार आइराखेको सन्दर्भमा यसको व्यवस्थापन र सम्भावित अर्थतन्त्र उत्थानका लागि पनि बजेटमा व्यवस्थाको खाँचो पर्दछ । यी समग्र जोखिमलाई ध्यानमा राखेर बजेट ल्याउनुपर्ने हुन्छ। यस्ता आवश्यकताका अगाडि चुनावी महत्त्वाकाङ्क्षा र आग्रहलाई अग्रभागमा राखेर बजेट ल्याउने सुविधा अहिले सरकारलाई उपलब्ध छैन।

समग्र सकस र सम्भावनालाई ध्यानमा राखेर सरकारले आगामी वर्षको बजेट ल्याउनुपर्दछ । दशकौंदेखि गलत बाटोमा हिंडिराखेको अर्थतन्त्रलाई सुधार्न एक वर्षको बजेट पर्याप्त नहुन सक्छ। तर बजेट सरकारको आर्थिक नीतिको ऐना हुनुका कारणले आगामी वर्षको बजेटले अहिलेसम्मका कमीमा सुधारको बाटो देखाउन सक्नुपर्दछ । बजेट आवश्यकताभन्दा राजनीतिक लोकप्रियताको महत्त्वाकाङ्क्षाबाट ओतप्रोत हुने परम्परागत रोगबाट मुक्त हुनुपर्दछ । यसै पनि अर्थतन्त्र नबुझेको भनेर वर्तमान अर्थमन्त्री जनार्दन शर्माको आलोचना हुने गरेको छ, कम्तीमा अर्थमन्त्रीले यो आलोचनालाई गलत साबित गर्ने हिसाबले आग्रहभन्दा यथार्थ आवश्यकतामा आधारित बजेट ल्याउनसके भने त्यो अर्थमन्त्रीको व्यक्तित्वका लागि मात्रै नभएर अर्थतन्त्रको स्वास्थ्य सुधारको प्रस्थानबिन्दु बन्नेछ।

# निर्वाचनको तयारी तीव्र: संयुक्त निर्वाचन सञ्चालन केन्द्र कार्यान्वयनमा

–प्रकाश सिलवाल
काठमाडौं, १० वैशाख/रासस

निर्वाचन आयोगले आसन्न स्थानीय तहको निर्वाचनका क्रममा शनिवारदेखि संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) कार्यान्वयनमा ल्याएको छ।

आयोगको संयोजकत्वमा गृह मन्त्रालय, विभिन्न सुरक्षा निकाय र सम्बन्धित निकायका उच्चस्तरका प्रतिनिधि रहेको सो केन्द्र आज आयोगको कार्यालय बहादुरभवनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले शुभारम्भ गरे।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि जारी भएको निर्वाचन अनुगमन निर्देशिका र सुरक्षा निर्देशिकाबमोजिम गठित सो केन्द्रबाट नियमित अनुगमन, सूचना आदानप्रदान र निर्वाचन तयारीका क्रममा हुने समस्या तत्काल समाधान गर्ने प्रबन्ध मिलाइएको छ। उक्त केन्द्रको संयोजकमा आयोगका सहसचिव शालिग्राम शर्मा पौडेल रहेका छन्।

**टिप्पणी र आदेश पर्खेर नबस्न निर्देशन**

प्रमुख आयुक्त थपलियाले यस केन्द्र सञ्चालनसँगै निर्वाचनको तयारी लगभग पूरा भएको सन्देश मिलेको र अब निर्वाचन हुने नहुने भन्ने शङ्कालाई थन्क्याइदिए हुने स्पष्ट गरे । उनले निर्वाचन व्यवस्थापन र सञ्चालनका लागि जिम्मेवारी र अधिकारका दृष्टिले केन्द्र माथिल्लो निकाय भएकाले कुनै समस्या आइपरेमा टिप्पणी र आदेश पर्खेर नबसी तत्काल सम्बोधन गर्न केन्द्रका अधिकारीलाई निर्देशन दिए।




निर्वाचन आयोगमा स्थापना गरिएको स्थानीय तह निर्वाचन, २०७९ को लागि संयुक्त निर्वाचन सञ्चालन केन्द्रको शनिवार उद्घाटन कार्यक्रममा मन्तव्य दिंदै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया। तस्वीर: रासस

प्रमुख आयुक्त थपलियाले दललाई निर्वाचन आचारसंहिताको पालना गर्न र तडकभडकपूर्ण प्रचारप्रसार नगर्न आग्रह गर्दै भने, "दल जनताको मनमनमा टाँसिने हो। पर्खालमा टाँसिएका पोस्टरमा होइन। त्यसैले उम्मेदवारी दर्ता गर्न जाँदा तीन/तीन इन्चको पार्टीको झन्डा र निर्वाचन चिह्नबाहेक अरू कुरा प्रदर्शन गरिएमा उम्मेदवारी दर्तासँगै उम्मेदवारलाई सङ्कट पनि पर्न सक्नेछ।"

**निर्वाचन सामग्री ढुवानी गरी पठाइँदै**

आयोगले निर्वाचनको तयारीका लागि आवश्यक सामग्री ढुवानी गरी पठाउन थालेको छ भने वैशाख ११ र १२ गते

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# राष्ट्रसङ्घका महासचिव रूस र युक्रेन जाने

न्यूयोर्क, १० वैशाख/एएनआई

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेंस युद्ध अन्त्यका लागि रूस र युक्रेन जाने भएका छन्।


तस्वीरः फाइल

उनी यही अप्रिल २६ मा रूस र २८ मा युक्रेन जाने तय भएको सरकारी अधिकारीले जानकारी दिएका छन्। उनलाई दुवै देशमा राष्ट्रपतिले स्वागत गर्ने जनाइएको छ।

रूसमा गएका बेला उनले राष्ट्रपति भ्लादिमिर पुटिन र विदेशमन्त्री सेर्गेई लाभरोभलाई भेटेर रूसलाई आक्रमण रोक्न आग्रह गर्ने भएका छन्।

महासचिव गुटेरेंसका सहायक प्रवक्ता एरी कानेकोले दुवैजनासँग वार्ताका लागि उनी मस्को जान लागेको पुष्टि गरेका छन्।

दुवैजनासँग एकै दिन भेटवार्ता हुने पनि उनले स्पष्ट पारे।

त्यसपछि उनी युक्रेन पुगेर त्यहाँका उच्च अधिकारीसँग भेटवार्ता गर्नेछन्। "युक्रेन भ्रमणका लागि पनि महासचिवले तयारी गर्नुभएको छ," सहायक प्रवक्ता कानेकोले भने।

गत मङ्गलवार महासचिव गुटेरेंसले चार दिन मानवीय बिदा दिन दुवै पक्षलाई अनुरोध गरेका थिए।

उनले शान्ति प्रक्रिया अगाडि बढाउनका दुवै देशका उच्च अधिकारीलाई अनुरोध गरी वार्तामार्फत विवाद अन्त्य गर्न पहल गर्ने भएका छन्।

युक्रेनमा उनले राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र विदेशमन्त्री दिमित्रो कुलेबासँग भेट्ने कार्यक्रम रहेको छ। रासस

# कम्बोडियाका ९३ प्रतिशतले पाए कम्तीमा एउटा खोप

नोम पेन, १० वैशाख/सिन्ह्वा

कम्बोडियाका तीन वर्षभन्दा माथिको कुल जनसङ्ख्याको ९३ प्रतिशतले कोरोना भाइरसविरुद्धको कम्तीमा एउटा खोप लगाएको छ।

तीन वर्षभन्दा कम उमेरका बालबालिकालाई भने अहिलेसम्म खोप नलगाइएको सरकारी अधिकारीले जानकारी दिएका छन्।

स्वास्थ्य मन्त्रालयका प्रवक्ताले शनिवार दिएको जानकारी अनुसार नागरिकलाई लगाइएको खोपमध्ये सबैभन्दा धेरै चिनियाँ खोप रहेको छ।

दक्षिण पूर्वी एशियाली मुलुक कम्बोडियामा सन् २०२१ को फेब्रुअरीदेखि कोरोना भाइरसविरुद्धको खोप लगाउने अभियान शुरू भएको थियो।

झन्डै १४ महीनाको अवधिमा कम्बोडियामा आयात गरिएको खोपमध्ये सबैभन्दा धेरै चीनबाट आयात गरिएको छ।

"मुलुकको एक करोड ४८ लाख ८० हजार मानिसलाई कोरोना भाइरसविरुद्धको कम्तीमा एउटा खोप लगाइएको छ," मन्त्रालयका प्रवक्ताले भने। कम्बोडियामा अहिले झन्डै एक करोड ६० लाख जनसङ्ख्या रहेको छ।


तस्वीरः सिन्ह्वा

खोप लगाएकामध्ये ८८.३ प्रतिशतले भने दुवै मात्राको खोप लगाएका छन्, त्यो जनसङ्ख्या एक करोड ४१ लाखभन्दा बढी हुन्छ। त्यसैगरी, ८२ लाख मानिस अर्थात् ५१ प्रतिशतले बुस्टर डोज लगाएका छन् भने १३ लाख अर्थात् आठ प्रतिशतले चौथो मात्रा लगाएका छन्।

यतिधेरै मानिसले खोप लगाउँदासमेत कम्बोडियामा अहिले पनि दैनिक सङ्क्रमित भेटिने गरेको छ।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा २८ जनामा नयाँ सङ्क्रमण देखिएको छ। मृतकको सङ्ख्या भने शून्य रहेको छ। कम्बोडियामा अहिलेसम्म कुल एक लाख ३६ हजार कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् भने तीन हजार ५६ जनाको मृत्यु भएको छ। रासस

# महीनौंसम्म धारा बन्द नगर्दा ...

टोकियो, १० वैशाख/एएफपी

पोखरी मर्मतसम्भारको जिम्मेवारीमा रहेका कानागावा प्रान्तको योकोसुकाका


तस्वीरः एएफपी

एकजना शिक्षकले कोरोना भाइरस सङ्क्रमण रोक्न महीनौंसम्म धारा खुला छाडिदिंदा उनले काम गर्ने विद्यालयले रु २७ लाखभन्दा बढी पानीको महसूल तिर्नुपर्ने भएको छ।

व्यक्तिगत गोपनीयता कायम गर्न पहिचान नखुलाइएका ती शिक्षकले पोखरीमा ताजा पानीको निरन्तर प्रवाह भएमा त्यसले कोभिडमुक्त तुल्याउने ठानेर गत जूनको अन्त्यदेखि सेप्टेम्बरको प्रारम्भसम्म धारा बन्द नगर्दा विद्यालयले भारी रकम चुकाउनुपर्ने भएको हो।

सामान्यतया क्लोरिन र 'फिल्टरिङ मेशिन'ले पोखरीको पानीको गुणस्तर कायम राख्छ तर ती शिक्षकमा पोखरीमा ताजा पानी प्रवाह भएमा कोभिडबाट बच्न मदत पुग्ने गलत धारणा आएको स्थानीय शिक्षा बोर्डका अधिकारी अकिरा कोजिरीले बताए। विद्यालयका अन्य कर्मचारीले कहिलेकाहीं खुला रहेको धारा देखेर त्यसलाई बन्द गरे पनि ती शिक्षकले तत्काल धारा खोल्ने गरेका थिए। उनको यो गलत धारणाले ११ पटक पोखरी भर्न पुग्ने पानीको क्षति मात्र भएन २७ हजार अमेरिकी डलर महसूल तिर्नुपर्ने भयो। अब ती शिक्षक र उनको कामको सुपरीवेक्षण गर्ने दुई कर्मचारीबाट बिलको आधा रकम तिराउनुपर्ने माग योकोसुकाका अधिकारीले गरेका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – अवस्थता |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुभय | कन्या – ज्ञानोदय |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – कान्तिक्षय | मकर – सुयश |
| कुम्भ – व्यर्थभ्रमण | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# आकृतिभित्रको "बालनयन"

काठमाडौं, १० वैशाख/रासस

एउटा बालक डोरीको जाली बाहिरबाट अपेक्षित हेराइका साथ टोलाइरहेका छन्। जाली बाहिर उनले


तस्वीरः रासस

आफ्ना आधारभूत आवश्यकता पूरा हुने केही चीज देखिरहेझैं एक टकले हेरिरहेका छन्।

उनको बालनयनले त्यो चीज अरूले नै उपयोग गरिरहेको अनुभूति गराउँछ। त्यसैले पिलपिलाउँदो नजर त्यही चीजमा एकोहोरिएको हुन्छ। चारकोलको माध्यमबाट पाटन सुन्धाराकी लक्ष्यता श्रेष्ठले सिर्जना गरेको उक्त चित्रले हाम्रो समाजको बालमस्तिष्कलाई गहिरोरूपमा छोएको छ।

हाम्रो समाजमा पारिवारिक हिंसालगायत कारणले बालबालिका सडकमा पुग्ने गरेको र त्यसपछि उनीहरूको जीवनमा आइपर्ने उतारचढावलाई चित्रकार श्रेष्ठले कलाका माध्यमबाट जीवन्त देखाउने प्रयास गरेकी छन्। न्यूनतम आवश्यकताबाट वञ्चित बालकको आँखामा झल्किएको अपेक्षालाई उनले चारकोलको माध्यमबाट क्यान्भास रङ्ग्याएकी छन्।

उक्त चित्र नवौं वार्षिकोत्सवका अवसरमा पाटन मङ्गलबजारको द प्रिसियस आर्ट्सले नेपाल कला परिषद्मा 'आकृति' शीर्षकमा आयोजना गरेको कला प्रदर्शनी समावेश छ।

सानो उमेरका बालबालिकालाई आमाबुबाको माया चाहिन्छ, यो समयमा उनीहरूले हाँस्ने, खेल्ने तथा शिक्षा आर्जन गर्ने हो। तर ती सब कुराबाट वञ्चित एक बालक कुनै एउटा डोरीको छेकबार बाहिरको छिद्रबाट चिहाइरहनु सामान्य कुरा होइन। तर उक्त चित्रले जे नहुनु थियो, त्यो भइरहेको छ भनेर बालमस्तिष्कमार्फत देखाइरहेको छ।

हाम्रो नेपाली समाजमा भइरहेका घटनालाई चित्रमा उतार्ने श्रेष्ठले भनिन्, "आधारभूत आवश्यकतासमेत नपाएको बच्चालाई ती कुरा प्राप्त होस्, आम नागरिकको जस्तै जीवन चल्न सकोस् भन्ने सन्देश दिन खोजेकी हुँ।" यसका अलावा उनले मण्डला, नेपाली संस्कृति, नेपाली जनजीवनका साथै जीसस क्राइस्टकी आमा मेरी तथा शान्तिको सन्देश दिनका लागि बुद्धको आकृतिको चित्र पनि समावेश गरेकी छन्। पहिलो प्रदर्शनी भएकोले निकै खुशी लागेको पनि उनले सुनाइन्।

उनी मात्रै होइन कला क्षेत्रका नौजना विद्यार्थीका ४२ चित्र यहाँ प्रदर्शनीमा राखिएको छ। अर्का विद्यार्थी सञ्जना महर्जनले सुपरहीरोका माध्यमबाट गलत प्रवृत्तिविरुद्ध प्रहार गर्न खोजेकी छन्। जसरी चलचित्रमा नागरिकको जीवनरक्षामा अभिनेताको भूमिका हुन्छ, सुपरहीरोलाई पनि त्यही रूपमा उनले प्रस्तुत गरेकी छन्। त्यतिमात्रै होइन कुमारी, एक आमा र बच्चामार्फत सामाजिक सचेतना जगाउने प्रयास पनि उनको छ।

व्यवस्थापन पढ्दै गरेकी शान्ति थापा पनि अहिले कला सिक्दैछिन्। उनले पनि संयुक्त प्रदर्शनीमा पहिलो अवसर प्राप्त गरेकी छन्। उनले मण्डला, डट आर्टका साथै महिला हिंसाविरुद्धलगायतका विभिन्न आठ सिर्जनाले क्यान्भास सजाएकी छन्। प्रदर्शनीमा शर्षिस तण्डुकारका दुईवटा चित्र प्रकृति संरक्षणका बारेमा छ। मानव र वनको अन्तर्सम्बन्ध तथा जङ्गलको अवस्थालाई उनले चित्रण गरेका छन्। "हामीले प्रकृतिको गति देख्न नसके पनि उसले आफ्नो गतिमा काम गरिरहेको छ, हामीले प्रकृतिलाई नदेखे पनि उसले हामीलाई देखिरहेको छ हेप्नुहुन्न, यही हो थिम," तण्डुकारले भने।

अर्का विद्यार्थी सम्प्रेषणा शाहीले चित्रमार्फत धार्मिक, पारिवारिक मायाका साथै शान्तिको सन्देश छरेकी छन्। उनका सिर्जनामा ह्वेलको माध्यमबाट सकारात्मक सन्देश र आशावादी हुन सिकाइएको छ। सरोज खत्रीले परम्परागत यथार्थवादी चित्रहरू राखेका छन्।

यहाँ उनका चार चित्र प्रदर्शनमा छन्। नरदेवीमा भएको जात्रालाई प्रतिनिधित्व गर्दै कुमारीको आकृति अपकर्षक देखिन्छ। भक्तपुरको गोल्डेनगेटको तोरणसहितको तलेजु भवानी र भैरवको आकृति पनि प्रदर्शनीमा देख्न सकिन्छ। यहाँ विद्यार्थीका अधिकांश कला सिर्जनालाई चारकोलमा रङ्ग्याइएको छ। त्यसमा खत्रीले सुनौलो रङ देखाउन एक्रेलिक मिसाएर सुन्दरस्वरूप दिएका छन्।

प्रदर्शनीमा नौजना विद्यार्थीका ४२ वटा सिर्जना राखिएका छन्। प्रकृति, परम्परागत तथा धार्मिक, सांस्कृतिक एवं जनजीवनसँग सम्बन्धित सिर्जना यहाँ राखिएका छन्। बिहीवारदेखि शुरू भएको उक्त प्रदर्शनी सोमवारसम्म चल्ने आयोजकले जनाएको छ। प्रदर्शनीमा इरिना ताम्राकार, गिरिश विक्रम राज बज्राचार्य, लक्ष्यता श्रेष्ठ, शान्ति थापा, सञ्जना महर्जन, सरोज खत्री, शर्षिस तण्डुकार, सुम्या तिमिल्सिना, सम्प्रेषणा शाही, सुरभी तण्डुकार र सचिन राज बज्राचार्यका कलाकृति समावेश छन्।

प्रदर्शनीको अवलोकनपछि सांसद सुजिता शाक्यले भनिन्, "कला राष्ट्रको गहना हो, मान, सान, गौरव, पहिचान र संस्कृतिको धरोहर हो, कलाकारिता प्रकृति र मानव चेतनाको अमूल्य चीज पनि हो।" विश्वमा आज नेपाल भनेर चिनिनुमा राष्ट्रका कलानिधिका महत्त्वपूर्ण योगदान रहेको उनले बताइन्।

## निर्वाचनको तयारी तीव्र....

मनोनयन दर्ता भएपछि मतपत्र पनि ढुवानी गरिने भएको छ। सहसचिव एवं प्रवक्ता शर्माले हालसम्म एक करोड ३६ लाख मतपत्र छपाइ भइसकेको जानकारी दिए।

मुलुकभर ७५३ पालिकामा हुने निर्वाचनमा १० हजार ७५६ मतदानस्थल निर्धारण गरिएको छ। तयारीकै क्रममा यही वैशाख ८ गते सबै स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ। आयोगले सर्वसाधारणका लागि निर्वाचनबारे कल सेन्टर पनि सञ्चालनमा ल्याएको छ।

**मतदाता नामावलीमा हेरफर नहुने**

आयोगले अद्यावधिक भइसकेको मतदाता नामावलीमा अब थपघट र हेरफेर नहुने स्पष्ट गरिसकेको छ। निर्वाचन अवधिमा मतदाता नामावलीसम्बन्धी कुनै पनि कार्य सम्पादन नहुने जनाइएको छ।

यही वैशाख ३० गतेका लागि नेपाल सरकारबाट स्थानीय तहको निर्वाचनको मिति घोषणा भएकाले आयोगबाट नियमित हुँदै आएको मतदाता नामावली सङ्कलन कार्य, मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भएपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने भएकाले सो कार्य गत माघ २५ गतेदेखि स्थगन भएको थियो। अन्तिम मतदाता नामावली प्रकाशन भएपछि पनि मतदाता नामावली सार्न र सच्याइ पाउँ भन्ने निवेदन आइरहेका सन्दर्भमा मतदाता नामावली ऐन, २०७३ को दफा २१ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन भएपछि नामावलीमा हेरफेर, थपघट गर्न वा सच्याउन नपाइने कानूनी व्यवस्था अनुसार मतदाता नामावली थपघट गर्न, हेरफेर गर्नेलगायत कार्य नितान्त आयोगको क्षेत्राधिकारभित्र रहेकाले सो ऐनको दफा २९ बमोजिम कुनै अदालतमा प्रश्न उठाउन नपाइने पनि आयोगले जनाएको छ।

मतदाता नामावली सङ्कलन कार्य स्थगन भएपश्चात् आयोगबाट मतदाता नामावली अद्यावधिक कार्यक्रम स्वीकृत भई गत फागुन १९ देखि २६ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिएकामा उक्त अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नामावली भए हटाउन निवेदन दिने, एकाघर परिवारका सदस्यको मृत्यु भए हटाउन निवेदन दिन आह्वान गरिएको थियो। सोही अवधिमा एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न निवेदन दिन सकिने, कुनै दाबी विरोध भए सोसम्बन्धी निवेदन दिनेलगायत कार्यक्रम सञ्चालन गरिएको थियो।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को प्रयोजनका लागि आयोगले गत चैत १३ मा प्रकाशन गरेको अन्तिम मतदाता नामावलीमा हाल कुनै संशोधन वा परिमार्जन, थपघट, हेरफेर वा सच्याउन नसकिने भएकाले स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् मात्र सम्बन्धित निर्वाचन कार्यालयबाट गराउन सकिने जनाइएको छ।

**बन्दसूचीमा भएकाले उम्मेदवारीपूर्व राजीनामा दिनुपर्ने**

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन वा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूचीमा नाम कायम रहेका व्यक्तिले यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन चाहेमा यही वैशाख १० गतेभित्र नाम हटाइसक्न पनि आग्रह गरेको छ।

स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारको नाम मनोनयन गर्न तोकिएको मितिको अघिल्लो दिन यही वैशाख १० गतेभित्र प्रक्रिया पुऱ्याइ आयोगमा लेखी पठाएमा उम्मेदवारको बन्दसूचीबाट त्यस्तो व्यक्तिको नाम हटाइनेछ।

नेपालको संविधानको धारा ८४ र १७६ ले प्रतिनिधिसभा र प्रदेशसभामा पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित सदस्य रहने व्यवस्था गरेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (९) मा दलले उम्मेदवारको बन्दसूची पेश गर्दा सम्बन्धित व्यक्तिको मञ्जुरीनामा समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सोही ऐनको दफा ३० को उपदफा (१) मा आयोगले प्रकाशन गरेको अन्तिम बन्दसूची प्रतिनिधिसभाको सो कार्यकालभर मान्य हुने व्यवस्था छ।

# पर्सा र बाराका तीन स्थानमा रक्तदान

प्रस, वीरगंज, १० वैशाख/

पर्सा जिल्लाको एक र बारा जिल्लाका दुई स्थान गरी शनिवार तीन ठाउँमा रक्तदान भएको छ ।



तस्वीरः प्रतीक

पर्सा जिल्लाको विन्ध्यवासिनी गापाको प्रसौनीभाठामा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित ३२ जनाले रक्तदान गरेका थिए। खुश्बु कुमारी, पतासी देवी, अनिशा कुमारी, राजकुमार मण्डल, राजेश्वर मुखिया, राजकुमारलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका राजन श्रीवास्तवले बताए ।

यसैगरी, बारा जिल्लाको नौतनमा नवनिर्मित एलएक्स न्यूरो अस्पतालद्वारा आयोजित रक्तदान कार्यक्रममा तीनजना महिलासहित ४३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए । फुलिहारी देवी, राजमती देवी, विजय पटेल, सन्तोष कुमार, बलिराम महतो, सञ्जय पटेल, युवराज पाण्डेलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, बाराको महागढीमाई नगरपालिकामा 'आउ, मिली सहयोग गरौं' संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

## मोटरसाइकल ¥याली

प्रस, वीरगंज, १० वैशाख/

नेकपा एमाले वीरगंज महानगर–३, छपकैयामा शनिवार मोटरसाइकल ¥याली निकालिएको छ ।

एमाले वडा एकाइ कमिटिका अध्यक्ष समसुद्दीन अन्सारीको नेतृत्वमा निकालिएको मोटरसाइकल ¥यालीमा एमालेका उम्मेदरवारहरूलाई स्थानीय चुनावमा विजयी गराउन आह्वान गरिएको छ । मोटरसाइकल ¥यालीमा रवि क्षेत्री, नैमुद्दीन हवारी, आबिद अन्सारीलगायतको सहभागिता थियो ।


तस्वीरः प्रतीक

## कालिकामाईमा एमालेको चुनावीसभा

प्रस, पोखरिया, १० वैशाख/

कालिकामाई गाउँपालिकामा एमालेको चुनावी जनसभा भएको छ ।



तस्वीरः प्रतीक

कालिकामाई गापा–२ भेडियारीमा आयोजित जनसभामा एमाले प्रदेश सदस्य बलिराम साहले चुनावमा एमालेप्रति मधेसमा लहर देखिएको बताए । उनले गाउँपालिकाको विकास र समृद्धिका लागि एमालेको विकल्प नभएको दाबी गरे ।

एमाले कालिकामाई गापा कमिटीका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्षका दाबेदार राजेश चौरसिया, उपाध्यक्षकी दाबेदार अंशु आनन्द तिवारी, वडाध्यक्षका दाबेदारहरू मोतीलाल कुर्मी, सोनालाल चौरसिया, राजेश कुर्मी, जीतेन्द्र साह कलवार, शिव तिवारी, निवर्तमान वडाध्यक्ष पवन तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।




## साइकल र गोलिया बरामद

प्रस, पंचगावाँ, १० वैशाख/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको टोलीले सखुवाप्रसौनी गाउँपालिकाबाट सालको गोलिया बरामद गरेको छ ।

इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यले शुक्रवार राति १२ बजेतिर सखुवाप्रसौनी–२ रामभौरीको राष्ट्रिय जङ्गलबाट रूख कटान गरी तीनवटा साइकलमा सालको गोलिया ढुवानी गर्ने क्रममा बरामद भएको बताए । उनले तस्करीको माध्यमबाट साइकलमा गोलिया ढुवानी गरिएको तर तस्करहरू भाग्न सफल भएको र साइकल तथा काठ बरामद गरिएको बताए ।

सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय-समयमा सवारीसाधनको मर्मत सम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वैशाख ११ र १२ गते उम्मेदवारीको मनोनयन

काठमाडौं, १० वैशाख/रासस

यही वैशाख ३० का लागि तोकिएको स्थानीय तहको निर्वाचनको सबै तयारी निर्वाचन कार्यतालिका बमोजिम व्यवस्थित र प्रभावकारी ढङ्गले भइरहेको निर्वाचन आयोगले जनाएको छ ।

देशका ७५३ वटै स्थानीय तहमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना भई कार्य सञ्चालन र मतदान केन्द्रमा प्रयोग हुने सामग्री पठाउने कार्य निरन्तर भइरहेको आयोगले शनिवार आयोजना गरेको विशेष पत्रकार सम्मेलनमा जानकारी दिएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित सबै आयुक्तहरू उपस्थित पत्रकार भेटघाटमा आयोगले गत चैत ४ मा स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार यही वैशाख ११ र १२ गते दुई दिन उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, वैशाख १२ गते मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने तय गरिएको छ ।

वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको पत्रकार सम्मेलनामा जानकारी दिइयो ।

समयमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी उम्मेदवारको मनोनयन दर्ता गर्न सक्ने भएकाले यसबाट उम्मेदवारको मनोनयन दर्ता प्रक्रिया सहज, सरल र शान्तिपूर्णरूपमा समयमा नै सम्पन्न हुने विश्वास आयोगले लिएको छ। दलहरूको गठबन्धनका आधारमा उम्मेदवारी हुने हुँदा उम्मेदवारी नहुने दलको निर्वाचन चिह्न मतपत्रमा समावेश नगर्न केही दलबाट आग्रह आएको भन्ने पत्रकारहरूको प्रश्नको जवाफमा प्रमुख आयुक्त थपलियाले मतपत्र छपाइ शुरू भइसकेकाले प्राविधिक र व्यावहारिकरूपमा त्यस्तो गर्न नसकिने स्पष्ट गर्दै कानूनमा व्यवस्था नभएकाले गठबन्धनलाई आयोगले नचिन्ने जनाए ।

उनले कुल छ हजार ७४३ प्रकारका मतपत्र छपाइ गर्नुपर्ने र वैशाख २६ गतेभित्र सबै मतदान केन्द्रमा पुऱ्याइसक्नुपर्ने भएकाले पनि उम्मेदवारी नपर्ने दलको चिह्न हटाउन सम्भव नहुने बरु विद्युतीय मतदानको प्रबन्ध गराइएमा आगामी दिनमा त्यस्ता विषय व्यवस्थित गर्न सकिने उनको भनाइ थियो । कुनै उम्मेदवारले जुन दलको निर्वाचन चिह्न प्रयोग गरेर सम्बन्धित दलले मनोनयन दर्ता गराउँछ निज उम्मेदवार सोही दलको उम्मेदवार हुने पनि उनले स्पष्ट गरे । प्रमुख आयुक्त थपलियाले निर्वाचन आचारसंहिताको कार्यान्वयनका क्रममा सामाजिक सञ्जाललाई नियमन र व्यवस्थित गर्न आयोगले चाँडै थप निर्णय गर्ने जानकारी पनि दिए ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा निर्वाचनमा चुन्ने र चुनिन पाउने नागरिक अधिकारलाई उच्च सम्मान गर्दै स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा आआफ्नो मनोनयनपत्र दर्ता गर्ने आम नागरिकको नैसर्गिक अधिकार सुनिश्चित गर्न आयोग सधैं प्रतिबद्ध रहेको जनाइएको छ ।

कानूनले तोकेको योग्यता पूरा गर्ने सबै मतदाताले आफूले चाहेको पदमा उम्मेदवारी दिन सक्ने वातावरणको सिर्जना गरिदिन आयोग सबै राजनीतिक दल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, आमसञ्चार क्षेत्रलगायत सम्बन्धित सबै सरोकारवालामा आयोगले आग्रह गरेको छ ।

नेपालको संविधानले निर्वाचनमा लैङ्गिक तथा समावेशी सिद्धान्तलाई आत्मसात् गरी निर्वाचनका सबै पदमा समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्थाअनुरूप आयोगले यसअघि नै निर्वाचनमा भाग लिने सबै राजनीतिक दलहरूलाई १७ बुँदे निर्देशनसमेत जारी गरिसकेकाले निर्वाचनमा मुलुकको सामाजिक विविधता प्रतिविम्बित हुने गरी सहभागिता र प्रतिनिधित्वका लागि वैशाख ११ र १२ गते हुने उम्मेदवारको मनोनयन दर्ता गर्दा नेपालको संविधानको धारा ३८ को उपधारा (४) मा भएको राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने तथा धारा ४२ को सामाजिक न्यायको हक कार्यान्वयनमा विशेष संवेदनशील हुन आग्रह गर्दै यो निर्वाचन महिला एवं समावेशी सहभागिता र प्रतिनिधित्वको दृष्टिले उल्लेखनीय हुने विश्वास आयोगको रहेको छ ।

"स्थानीय तहका सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी बनाउने विशेष जिम्मेवारी निर्वाचनमा भाग लिने राजनीतिक दल तथा उम्मेदवारको हुन्छ भन्ने कुरा निर्विवाद छ," विज्ञप्तिमा भनिएको छ, "आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७८ र ६० बुँदे निर्देशनप्रति पूर्ण प्रतिबद्धता जनाएका राजनीतिक दलका उम्मेदवारले यसको अक्षरशः पालना गर्नेमा आयोग आश्वस्त रहेको छ ।"

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनका बेला गर्न पाउने र नपाउने कार्यहरू स्पष्टरूपमा उल्लेख गरिएका छन् । आचारसंहिताविपरीत हुने गरी कुनै स्थानमा कुनै दलको झन्डा वा चिह्न राखिएको भए सम्बन्धित दलले तत्काल हटाउन, राजनीतिक दल वा उम्मेदवारबाट हुने कुनै पनि आमसभा, जुलुस, ¥याली भेला, बैठक, घरदैलो, उम्मेदवारी दर्ता कार्यक्रम आदिमा र निर्वाचन अधिकृतको अनुमतिमा उम्मेदवारले प्रयोग गर्ने सवारीसाधनमा ३ बाई ३ फिट साइजको दलको एउटा झन्डा र एउटा चुनाव चिह्न तथा उम्मेदवारको पहिचान खुलेको 'ए फोर साइज'को एक रङमा छापिएको विवरणबाहेक अन्य कुनै सामग्री प्रयोग नगर्न/नगराउन स्मरण गराउँदै उम्मेदवारी दर्ता भएपछि यस्ता चिह्न भेटिएमा उम्मेदवारले राखेको ठानी आचारसंहिताको उल्लङ्घन भएको कसूरमा दलको उम्मेदवारलाई कारबाही हुने भएकाले सचेत रहन आयोगले भनेको छ ।

जुलुस, आमसभा, ¥याली, बैठक आदिमा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले आचारसंहिताले तोकेको भन्दा विपरीत हुने गरी सम्बन्धित दलको निर्वाचन चिह्न वा झन्डा अङ्कित लागो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाएमा वा झोला बोकेमा सम्बन्धित व्यक्ति नै कारबाहीको भागीदार हुने भएको हुँदा यस्तो कार्यबाट सजग रहन आयोगले सबै मतदाताहरूमा अनुरोध गरेको छ ।

उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता गर्न जाँदा निर्वाचन आचारसंहिताले तोकेबमोजिमको आचरण पालना गरिदिन आयोगले अपील गरेको छ ।

यदि आचारसंहिताविपरीत कार्य भए/गरेको पाइएमा आयोगले कानूनबमोजिम कारबाही हुने र यसबाट उम्मेदवारको उम्मेदवारी प्रक्रियामा नै गम्भीर असर पर्न सक्ने हुँदा समयमा नै सचेत रहन उम्मेदवार हुन चाहने सबै मतदातामा आयोगले जानकारी गराएको छ ।

## सेढवामा नेकाको युवा परिचालन समिति

प्रस, सेढवा, १० वैशाख/

स्थानीय तहको निर्वाचनमा नेपाली काङ्ग्रेसलाई जिताऔं अभियान अन्तर्गत शनिवार जीराभवानी गाउँपालिका–२ सेढवामा युवा परिचालन समिति गठन भएको छ ।

नेपाली काङ्ग्रेसका उम्मेदवारलाई विजय गराउन चुनावी प्रचारप्रसारका लागि मञ्जीत रायको अध्यक्षतामा ३१ सदस्यीय युवा परिचालन समिति गठन गरिएको छ ।

समितिका सदस्यहरूले मतदाता शिक्षा प्रदान गरी सर्वसाधारणमा जनचेतना अभिवृद्धि गराउनुका साथै चुनाव प्रचारप्रसारका लागि काम गर्नेछन् ।

समितिका अध्यक्ष रायको सभापतित्व तथा नेका गापा सभापति मनमोहन महतोको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रमोद महतो, देवशरण महतो, ओमप्रकाश चौधरी, सत्यनारायण साह, सरोज चौरसियालगायतले युवा परिचालन सम्बन्धमा मन्तव्य व्यक्त गरेका थिए ।

## चौतारीबाट एमाले बारेको चुनावी प्रचारमा सघाउने

प्रस, परवानीपुर, १० वैशाख/

नेकपा एमाले बाराको चुनावी प्रचार तथा सञ्चारसँग जुडेका गतिविधिहरूलाई प्रेस चौतारी नेपाल, बाराले सघाउने भएको छ ।

नेकपा एमाले बाराको प्रचार विभागको आयोजनामा प्रेस चौतारी बाराका पदाधिकारीहरूसँग कलैयामा सम्पन्न बैठकले यस्तो निर्णय गरेको हो ।

बाराका १६ वटा स्थानीय पालिकामा हरेक पालिकामा चौतारीका एकजना सदस्य प्रचारप्रसार संयोजक तोकिने र ती संयोजकको सक्रियतामा पालिकामा एमालेका उम्मेदवारहरूको चुनावी प्रचारको जिम्मेवारी वहन गर्नुपर्ने निर्णय भएको छ ।

एमाले बाराकी उपाध्यक्ष टीना सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी मधेस प्रदेशका इन्चार्ज कमल उपाध्याय, प्रेस चौतारीका केन्द्रीय सदस्य अच्युत पौडेल, प्रेस चौतारीका पूर्व केन्द्रीय सदस्य गोकुल घोरसाइनेलगायतको सहभागिता रहेको प्रेस चौतारी बाराका अध्यक्ष दिवाकर भण्डारीले बताए ।